नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## लोकतन्त्र दिवसको शुभकामना

१७ औं लोकतन्त्र दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

लोकतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने महान् शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आफ्नो जीवनलाई लोकतान्त्रिक मुल्य, मान्यता, आदर्श र सिद्दान्तप्रति समर्पित सम्पूर्ण लोकतान्त्रिक योद्दाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

२०६२/०६३ को वसन्तक्रान्ति पश्चात् मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । हामीले यसलाई गौरवपूर्ण र अविस्मरणीय दिनका रुपमा मनाउँने गरेका छौं । यही बलिदानको जगमा खडा भएको संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समावेशितासहितको संविधान प्राप्त गरी अधिकार सम्पन्न नागरिक भएका छौं । यसर्थ पनि हामीले इतिहासप्रति सदैव गौरवबोध गर्नुपर्दछ । देश र जनतालाई सर्वोपरी ठानी लोकतन्त्रलाई दिगो र दरिलो बनाउँदै विकास, स्थिरता, सुशासन तथा समृद्धिको पथमा अघि बढ्न यो दिवसले हामी सबैलाई प्रेरित गरोस् ।

अन्तमा, सबै नेपालीजनमा लोकतन्त्र दिवसको यस सन्दर्भमा पुन: एक पटक शुभकामना व्यक्त गर्दछु ।

२०८० बैशाख ११ गते, सोमबार

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

यादवचन्द्र शर्मा
प्रदेश प्रमुख